# काठमाडौंमा १२ सय कित्ता जग्गाको कित्ताकाट रोक्का

## अवैध प्लटिङ रोक्का गर्न काठमाडौं उपत्यका विकास प्राधिकरणको पत्र

भुवन शर्मा
*काठमाडौं, जेठ ३*

काठमाडौं उपत्यका विकास प्राधिकरण काठमाडौं जिल्ला आयुक्तको कार्यालयबाट प्लटिङ गर्ने अनुमति नलिएका र तोकिएको मापदण्ड पूरा नगरी अवैध प्लटिङ गरिएका काठमाडौं जिल्लाभित्रका विभिन्न स्थानका करिब दुई हजार पाँच सय रोपनी जग्गाको कित्ताकाट रोक्का गरेको छ। कित्ताकाट रोक्का गरिएको कित्ता एक हजार एक सय ७६ वटा रहेको काठमाडौं जिल्ला आयुक्तको कार्यालयले जनाएको छ।

प्राधिकरणले कित्ता नम्बर नै तोकेर किटान गरी विभिन्न स्थानका जग्गाको कित्ताकाट रोक्का गरिएको काठमाडौंस्थित विभिन्न मालपोत कार्यालयका कार्यालय प्रमुखहरूले जनाएका छन्।

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५ अनुसार प्राधिकरणसँग योजना अनुमति नलिई धमाधम अवैध प्लटिङ गरिएको सूचना आएको छ। त्यस्तो अवैध प्लटिङ रोक्न र व्यवस्थित बसोबास बसाउन प्राधिकरणले काठमाडौंका सबै मालपोत कार्यालयमा चिठी पठाइ कित्ताकाट रोक्का गरेको काठमाडौं जिल्ला आयुक्त प्रमुख सुबास बस्नेतले बताए। ऐन अनुसार पालना गर्नुपर्ने नियमहरू जस्तै प्लटिङ गरिएको कुल जग्गाको कम्तीमा पाँच प्रतिशत जग्गा सरकारी जग्गामा छुट्याउनुपर्ने, प्लटिङभित्रको सबै बाटो कम्तीमा ६ मिटर हुनुपर्ने जस्ता नियमपालना गरेको पाइएको छैन। कहीं खुला क्षेत्रसमेत नराखिकन कित्ताकाट गरेको पनि पाइएको छ। 'प्लटिङको नाममा जथाभावी प्लटिङ गर्ने र जथाभावी कित्ताकाट गर्ने गरेको पाइएपछि काठमाडौं जिल्लाभित्रका सबै प्लटिङलाई योजना अनुमतिको दायरामा ल्याउन तथा व्यवस्थित बसोबास र व्यवस्थित सहरीकरण बनाउन हामीले अवैध प्लटिङ रोक्ने निर्णय गरेका हौं', बस्नेतले भने।

प्राधिकरणले मालपोत कार्यालयहरूलाई पठाएको चिठीमा भनिएको छ, 'काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय काठमाडौंबाट अनुमति नलिई जग्गा खण्डीकरण गरी अवैध प्लानिङ गर्ने, डोजर चलाउने, सिमाना लगाउने कार्य भए गरेको भन्ने उजुरी यस कार्यालयमा पर्न आएको हुँदा अर्को पत्राचार नभएसम्म प्राधिकरण ऐन २०४५ को ७१ बमोजिम विभिन्न कित्ताका जग्गाको कित्ता काट्ने कार्य रोक्का गरी सहयोग गरिदिनुका साथै सो को जानकारीसमेत यस प्राधिकरणमा दिनुहुन अनुरोध गर्दछ।'

प्राधिकरणका अनुसार काठमाडौं जिल्लाका साविक गाउँविकास समितिहरू जस्तै दहचोक, गागलफेदी, काभ्रेस्थली, चण्डेश्वरी, पुखुलाछी, साङ्ला, इन्द्रावती, झोरमहांकाल, धर्मस्थली, सन्टोल, साल्खा, लप्सीफेदीका विभिन्न ठाउँमा अवैध प्लटिङ गरेको पाइएको छ। ती ठाउँमा अवैध प्लटिङ गरिएको हुँदा कित्ता नम्बरसमेत खुलाएर प्राधिरकणले सम्बन्धित मालपोत कार्यालयमा चिठी पठाएको छ। 'अवैध प्लटिङ गरिएको भन्दै कित्ता नम्बरसमेत खुलाएर काठमाडौं उपत्यका विकास प्राधिरकणबाट चिठी आउने गरेको छ', मालपोत कार्यालय कलंकीका प्रमुख पूर्णबहादुर केसीले भने, 'प्राधिकरणबाट चिठी आउने बित्तिकै हामीले प्राधिकरणले किटान गरेको कित्तामा कित्ताकाट गर्न तत्कालै रोक लगाएका छौं।'

काठमाडौं जिल्ला आयुक्त बस्नेतका अनुसार व्यावसायिक प्रयोजनका लागि एउटा कित्ताबाट एकभन्दा बढी कित्ताकाट गर्नुपरे प्राधिकरणको अनुमति लिनैपर्छ। 'तर पारिवारिक प्रयोजनको लागि जस्तै अंश बण्डा तथा अन्य प्रयोजनमा कित्ताकाट गर्न प्राधिरकणसँग अनुमति लिनु पर्दैन।' प्राधिकरणले प्राधिकरणको बोर्ड बैठकमा कम्तीमा एक रोपनी र एक रोपनीभन्दा बढी क्षेत्रफलभएको जग्गामा कित्ताकाट गर्नुपरे प्राधिकरणसँग अनुमति लिनुपर्ने, एक रोपनीभन्दा कम क्षेत्रफल भएको जग्गामा कित्ताकाट गर्नुपरे प्राधिकरणको अनुमति लिनु नपर्ने नियम लागु गर्न प्रस्ताव लगेको छ।

बोर्डमा प्रस्ताव लगिएको सो प्रस्ताव अझै पास नभएको बस्नेतले बताए। उनकाअनुसार उक्त प्रस्ताव पास भए स-साना टुक्रा जग्गामा कित्ताकाट गर्नुपरेमा प्राधिकरणसँग अनुमति लिनु नपर्ने तर क्षेत्रफल ठुलो भएको जग्गामा कित्ताकाट गर्नुपर्दा भने अनुमति लिनै पर्ने भएको छ।

काठमाडौंमा कलंकी, चाबहिल, मनमैजु, डिल्लीबजार, सौंखु, टोखा गरी ६ वटा मालपोत र नापी कार्यालय छन्। ती सबै कार्यालयहरूलाई काठमाडौं जिल्ला आयुक्तको कार्यालयले चिठी पठाइसकेको छ।

विकास प्राधिकरणले गत माघको पहिलो साता उपत्यकाका सबै मालपोत र नापी कार्यालयलाई चिठी लेखेर 'अंशबन्डाबाहेक व्यावसायिक प्रयोजनका लागि कित्ताकाट गर्नुपरे अबदेखि विकास प्राधिकरणसँग अनिवार्य अनुमति लिनुपर्ने छ' भन्ने व्यहोराको चिठी पठाएपछि प्राधिकरण र भूमिव्यवस्था मन्त्रालयबिच विवाद उत्पन्न भएको थियो। गत वैशाखमा भने प्राधिकरणले अवैध प्लटिङ गरिएको कित्ता नम्बरसमेत खुलाएर चिठी पठाएपछि मालपोत कार्यालयहरूले कित्ताकाट गर्न रोक लगाएका छन्। विकास प्राधिकरणले आफ्नै जनशक्ति प्रयोग गरेर अवैध प्लटिङ गरिएको जानकारी संकलन गरेको र यस विषयमा थप पुष्टि गर्न सम्बन्धित मालपोत कार्यालयबाट जानकारी लिने गरेको बस्नेतले बताए।

बस्नेतका अनुसार प्राधिकरणले काठमाडौंका अवैध प्लटिङमा लगानी नगर्न नेपाल राष्ट्र बैंकमार्फत् विभिन्न राष्ट्रिय वाणिज्य बैंकहरूलाई समेत प्राधिरकणले चिठी पठाएर अनुरोध गरेको छ।

# औद्योगिक क्षेत्रको लोडसेडिङ नहटे आन्दोलन : व्यवसायी

बिनोद सुवेदी
*विराटनगर, जेठ ३*

मोरङका उद्योगी-व्यवसायीले औद्योगिक वातावरण नबनेको गुनासो गरेका छन्। दुई ठूला दल मिलेर सरकार बने पनि औद्योगिक वातावरण नबनेको उनीहरूको भनाइ छ।

मोरङ उद्योग व्यापार संघको ६८औं वार्षिक साधारणसभामा उद्योगी-व्यवसायीले दुई ठूला दलको सरकार बनेपछि औद्योगिक वातावरण बन्ने अपेक्षा गरे पनि त्यो पूरा नभएको बताए।

संघका अध्यक्ष अनुपम राठीले आर्थिक अवस्थामा सुधार नआएको र आर्थिक गतिविधिमा निराशा छाएको भनेका छन्। उनले भने, 'उद्योग व्यवसाय क्षेत्र सङ्क्रमणकालमा रहेको, देशमा सुशासनको अभाव भएको र स्थिर सरकार बनेको भए पनि उद्योगी व्यवसायीमा आशा जाग्न सकेको छैन।'

अवस्थाको अन्त्य हुनुपर्छ' उनले भने, 'औद्योगिक क्षेत्रको लोडसेडिङ अन्त्य नभए आन्दोलनमा उत्रन बाध्य हुन्छौं।'

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन

दुई ठूला दलको सरकार बनेपछि आर्थिक क्षेत्र चलायमान हुने आशा गरे पनि त्यस्तो हुन सकेन।

नेपाल उद्योग परिसंघ कोसीका अध्यक्ष पवन सारडाले दुई ठूला दलको सरकार बनेपछि आर्थिक क्षेत्र चलायमान हुने आशा गरे पनि त्यस्तो हुन नसकेको बताए। उनले नेपालमा उद्योग खोल्न र सञ्चालन गर्न धेरै समस्या रहेको उल्लेख गर्दै उद्योग मन्त्रालयमा सहजीकरण विभाग राख्न माग गरे। 'उद्योग मन्त्रालयमा सहजीकरण विभाग खोल्नुस्' सारडाले भने 'उद्योगीहरूको समस्या त्यहीं विभागबाट समाधान होस्।'

तीन तहका सरकार उद्योगी-व्यवसायीलाई दुःख दिने थलो बनेको गुनासो सारडाको थियो। उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले विद्युत् अवस्था सुधार नभए आन्दोलन गर्ने चेतावनी दिए। उनले सुक्खायाममा उद्योगसँग अतिरिक्त महसुल लिइए पनि हाल औद्योगिक क्षेत्रमा दैनिक आठदेखि १० घण्टा लोडसेडिङ भइरहेको बताए।

'हिउँद याममा अतिरिक्त महसुल लिने तर विद्युत् नदिने रिजालले अहिलेकै नीतिले अर्थतन्त्र अगाडि नबढ्ने बताए। उनले युवालाई अवसर दिएर देशमै बस्ने वातावरण बनाउन सरकारसँग आग्रह गरेका छन्। रिजालले सानो अर्थतन्त्र भएको देशमा साधारण खर्च धेरै भएको भन्दै ११ खर्बको साधारण खर्चलाई सात खर्बमा झारेर विकास खर्च बढाउनुपर्नेमा जोड दिए।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगी-व्यवसायीका मागलाई राष्ट्रिय आवश्यकताका आधारमा सम्बोधन गर्ने विश्वास दिलाएका छन्। उनले औद्योगिक र व्यावसायिक वातावरण बनाउन सरकारले अध्यादेशमार्फत विभिन्न ऐन संशोधन गरेको दाबी गरे। भण्डारीले उद्योगी-व्यवसायीलाई आशा जगाउने कामलाई सरकारले प्राथमिकतामा राखेको बताए। उनले विराटनगरको आईसिपीसम्म सबै प्रकारका वस्तुको कार्गो ल्याउन भारत सरकारसँग सहमति भएको र एक महिनाभित्र तेस्रो मुलुकबाट रेल कार्गोमार्फत ढुवानी गर्न सकिने जानकारी दिए।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ४ गते आइतबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लोखांदएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**१) शाखा कार्यालय : बेगनासताल शाखा — कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **प्रिजल किराना स्टोर** | प्रोप्राइटरको नाम : प्रताप गुरुङ | प्रा.फा.र.नं. : १११८३३/०७३-०७४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की | दर्ता मिति : २०७३/०५/१४
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ | स्थायी लेखा नं. : ६०८०१९१३४

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) डम्बर सिं गुरुङको नाति विर बहादुर गुरुङको छोरा कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ हाल, पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **प्रताप गुरुङ** (ना.प्र.नं. : ४६१००२/५३९ जारी मिति र जिल्ला : २०६४/०६/२०, कास्की)

२) जितमान गुरुङको नाति डम्बर सिं गुरुङको छोरा कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ हाल, पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **विर बहादुर गुरुङ** (ना.प्र.नं. : ४६/३/००२/१४०५ जारी मिति र जिल्ला : २०६३/११/०६, कास्की)

३) कुल बहादुर गुरुङको छोरी डम्बर सिं गुरुङको बुहारी विर बहादुर गुरुङको पत्नी कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३१ हाल, पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **आस माया गुरुङ** (ना.प्र.नं. : ४६-०२-७४-०२४०५ जारी मिति र जिल्ला : २०७४/०९/१२, कास्की)

४) डम्बर सिं गुरुङको नाति विर बहादुर गुरुङको छोरा कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ हाल, पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **प्रविन गुरुङ** (ना.प्र.नं. : ४६-०१-७१-०८००३ जारी मिति र जिल्ला : २०७१/०८/१८, कास्की)

५) मन बहादुर गुरुङको छोरी विर बहादुर गुरुङको बुहारी प्रताप गुरुङको पत्नी कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३१ हाल, पोखरा म.न.पा. वडा नं. ३१ बस्ने **मुना गुरुङ** (ना.प्र.नं. : ४६-०२-७५-००१६७ जारी मिति र जिल्ला : २०७५/०१/२३, कास्की)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८०/०८/११ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८१/०४/२० को मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| विर बहादुर गुरुङ | कास्की जिल्ला शिशुवा गा.वि.स. वडा नं. ५ | ०९४१००७०२ | ८३३ | ३६३.६७ |
| | | ०९४१००७०२ | ४८५.० | १३१९.५४ |
| | | ०९४१००८०१ | ८३२ | ३२५.९१ |

**२) शाखा कार्यालय : दमौली शाखा — क) कर्जा शीर्षक : सहुलियत कर्जा (महिला उद्यमशिल कर्जा)**

**ऋणीको विवरण**

नाम : **तामाङ खाजा घर** | प्रोप्राइटरको नाम : निर्मला तामाङ | प्रा.फा.र.नं. : १११५९९/०७८/०७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, तनहुँ | दर्ता मिति : २०७८/०५/२८
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास वडा नं. १ | स्थायी लेखा नं. : ६१६७०६०११

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मान सिं तामाङको नाति प्रतिमान तामाङको छोरा लमजुङ जिल्ला परेवाडांडा वडा नं. ८ हाल, तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **कृष्ण बहादुर तामाङ** (ना.प्र.नं. : ९६१२ जारी मिति र जिल्ला : २०४७/१२/१३, लमजुङ)

२) मान बहादुर तामाङको बुहारी अर्जुन बहादुर तामाङको पत्नी तनहुँ जिल्ला व्यास वडा नं. १ हाल, व्यास न.पा. वडा नं. १ बस्ने **निर्मला तामाङ** (ना.प्र.नं. : ६९७४८ जारी मिति र जिल्ला : २०६०/१०/०६, तनहुँ)

**ख) कर्जा शीर्षक : आवास कर्जा**

**ऋणीको विवरण**

मान बहादुर तामाङको बुहारी अर्जुन बहादुर तामाङको पत्नी तनहुँ जिल्ला व्यास वडा नं. १ हाल, व्यास न.पा. वडा नं. १ बस्ने **निर्मला तामाङ** (ना.प्र.नं. : ६९७४८ जारी मिति र जिल्ला : २०६०/१०/०६, तनहुँ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मान सिं तामाङको नाति प्रतिमान तामाङको छोरा लमजुङ जिल्ला परेवाडांडा वडा नं. ८ हाल, तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **कृष्ण बहादुर तामाङ** (ना.प्र.नं. : ९६१२ जारी मिति र जिल्ला : २०४७/१२/१३, लमजुङ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/१०/०९ को पैमाव दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८१/१२/०८ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| निर्मला तामाङ | तनहुँ जिल्ला कर्लुङ वडा नं. ६ | ६झ | १३४७ | ०-३-०-२ |

**३) शाखा कार्यालय : कमलादी शाखा — कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **हिमाल पावर इन्टरनेशनल** | प्रोप्राइटरको नाम : सुलभ ढकाल | प्रा.फा.र.नं. : १३२०९७/०७३/७४
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, काठमाडौं | दर्ता मिति : २०७३/०९/०६
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ | स्थायी लेखा नं. : ६०५५४८९६९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) होम नाथ ढकालको नाति लव कुमार ढकालको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **सुलभ ढकाल** (ना.प्र.नं. : २७ १०६०/७७८०८ जारी मिति र जिल्ला : २०६८/०९/२९, काठमाडौं)

२) हेम नाथ ढकालको नाति होम नाथ ढकालको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **लव कुमार ढकाल** (ना.प्र.नं. : २७-०१-७३-१२४१५ जारी मिति र जिल्ला : २०७३/०९/१२, काठमाडौं)

३) श्रीधर शर्माको छोरी होम नाथ ढकालको बुहारी लव कुमार ढकालको पत्नी काठमाडौं जिल्ला काठमाडौं वडा नं. १० हाल, काठमाडौं म.न.पा.वडा नं. ७ बस्ने **सोनिया गौतम** (ना.प्र.नं. : ६३३७ जारी मिति र जिल्ला : २०४५/०९/११, काठमाडौं)

४) विजेन्द्र थापाको छोरी लव कुमार ढकालको बुहारी सुलभ ढकालको पत्नी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **तेजस्वी थापा** (ना.प्र.नं. : ०५-०१-६९-००६९२ जारी मिति र जिल्ला : २०६९/०१/०५, काठमाडौं)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८०/१०/२२ को मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८०/११/३० को अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
३) मिति २०८१/१०/२९ को आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
४) मिति २०८१/१२/२० को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| लव कुमार ढकाल | काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. ७ | १०२१०६७०७ | २०४ | १५६.९८ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०२/१८ गते आइतबार भित्र ऋणी प्रिजल किराना स्टोरको हकमा यस बैंकको शाखा कार्यालय बेगनासताल, ऋणी तामाङ खाजा घर र निर्मला तामाङको हकमा यस बैंकको शाखा कार्यालय दमौली तथा ऋणी हिमाल पावर इन्टरनेशनलको हकमा यस बैंकको शाखा कार्यालय कमलादी आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/१९ गते सोमबार दिउसो ३.०० बजे ऋणी प्रिजल किराना स्टोरको हकमा यस बैंकको शाखा कार्यालय बेगनासताल, ऋणी तामाङ खाजा घर र निर्मला तामाङको हकमा यस बैंकको शाखा कार्यालय दमौली तथा तथा ऋणी हिमाल पावर इन्टरनेशनलको हकमा यस बैंकको शाखा कार्यालय कमलादीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेस खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तिय बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web. www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय देवताल, बाराको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०२/०४ गतेको नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कर्यमकदाधित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दाबी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

सजावल सहनी मलाहको नाति, भगेलु सहनी मलाहको छोरा, बारा जिल्ला, देवताल गा.पा. वडा नं. ६ बस्ने **राजकिशोर सहनी** (ना.प्र.नं. ३३९०७१/७४८१, जारी मिति २०६७/०६/२४, जि.प्र.का. बारा)।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. महाबिर सहनी मलाहको नाति, सजावल सहनी मलाहको छोरा, बारा जिल्ला, साविक रौवाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, देवताल गा.पा. वडा नं. ६ बस्ने **सिवनाथ सहनी** (ना.प्र.नं. २२०८/५१७/३९१८५, जारी मिति २०६३/०२/१२, जि.प्र.का. बारा)। | २. महाबिर सहनी मलाहको नाति, सजावल सहनी मलाहको छोरा, बारा जिल्ला, साविक रौवाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, देवताल गा.पा. वडा नं. ६ बस्ने **हिरालाल सहनी** (ना.प्र.नं. ३३३०७१/३२, जारी मिति: २०६३/११/२८, जि.प्र.का. बारा)। |
| ३. सजावल सहनी मलाहको नाति, भगेलु सहनी मलाहको छोरा, बारा जिल्ला, साविक रौवाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, देवताल गा.पा. वडा नं. ६ बस्ने **बृजकिशोर सहनी** (ना.प्र.नं. ३३१०७१/२३६९२, जारी मिति २०६८/१०/१२, जि.प्र.का. बारा)। | ४. महाबिर सहनी मलाहको बुहारी, सजावल सहनी मलाहको पत्नी, बारा जिल्ला, साविक रौवाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, देवताल गा.पा. वडा नं. ६ बस्ने **कुबोदरी मलाहिन** (ना.प्र.नं. ३३१/०५१९, जारी मिति २०४४/१०/२४, जि.प्र.का. बारा, कलैया)। |
| ५. सजावल सहनी मलाहको बुहारी, भगेलु सहनी मलाहको पत्नी, बारा जिल्ला, साविक रौवाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, देवताल गा.पा. वडा नं. ६ बस्ने **संगिता देवी** (ना.प्र.नं. ३३३०७१/९, जारी मिति २०६३/११/२८, जि.प्र.का. बारा)। | ६. सजावल सहनी मलाहको बुहारी, सिवनाथ सहनीको पत्नी, बारा जिल्ला, साविक रौवाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, देवताल गा.पा. वडा नं. ६ बस्ने **लालमती देवी** (ना.प्र.नं. ३३३०७१/२१४, जारी मिति २०६३/११/२८, जि.प्र.का. बारा)। |
| ७. सजाव